# राष्ट्रिय कृषक समूह महासंघ नेपाल

## राष्ट्रिय सचिवालय

२०७८ साल कार्त्तिक महिना | मुख्य गतिविधि

### सवालगत पैरवी

### मानानिय कृषि तथा पशुपक्षी विकास मन्त्रीज्यु समक्ष ध्यानाकर्षण पत्र पेश



विपत्तिवाट पिडित किसानलाई उचित क्षतिपुर्तिको तत्काल राहत र पुनर्स्थापनाको प्याकेज घोषणा लगायत विभिन्न १० बुदे माग सहितको ध्यानाकर्षण पत्र माननिय कृषि तथा पशुपक्षी विकास मन्त्रीज्यु समक्ष राष्ट्रिय कृषक समूह महासंघ, सामुदीयक वन उपभोक्ता महासंघ, राष्ट्रिय सिचाई जल उपभोक्ता महासंघ, फियान नेपाल र खाद्य अधिकार सन्जालले सयूत्त रुपमा पेश गरीएको छ ।

### प्रकृतिसंग पौठेजोरी खेल्दै गरिने कृषि पेशालाई सुरक्षित बनाउन सरकारको गम्भिर ध्यानाकर्षण

आश्विन ३१ गते देखि शुरु भएको अविरल वर्षासंगै आएको बाढि, पहिरो र डुवानका कारण देश भरका ४० भन्दा बढि जिल्लाहरु प्रत्यक्षरुपमा प्रभावित भएका छन् । ८८ जना भन्दा नागरिकहरुले ज्यान गुमाएका छन् । २८ जना भन्दा बढि बेपत्ता भएका छन् भने २००० भन्दा बढि घर डुवानमा परेका छन् । १०० भन्दा बढि पशुचौपायमा क्षति पुगेको छ । खेतीबारी, गाईवस्तु, मानव बस्ती माथि अकल्पनीय संकट थपिएको छ । अरबौ मुल्य बराबरको धान लगायतका बालीनाली नष्ट भएका छन् । यसै विषयलाई लिएर राष्ट्रिय कृषक समूह महासंघ, नेपाल, सामुदायिक बन उपभोक्ता महासंघ नेपाल, राष्ट्रिय सिंचाई जल उपभोक्ता महासंघ नेपाल, फियान नेपाल र खाद्य अधिकारका लागि राष्ट्रिय संजाल मिलेर सरकारको गम्भिर भ्यानाकर्षण गराउन संयुक्त रुपमा संयुक्त प्रेस विज्ञप्ति निकालिएको थियो ।



### नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले प्रदेशका मन्त्री समक्ष भेट गरी सुझाव पत्र पेश

नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले प्रदेशका मन्त्रीहरुको उपश्थितीमा बैठक बसी किसान लाइ सहयोगको प्याकेज घोषणा गर्न लागेको पुर्व सन्ध्यामा राष्ट्रिय कृषक समूह महासंघ नेपाल, फियान नेपाल तथा राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासंघ नेपाल लगाएतका सरोकार वाला संगठनहरुको बैठक बसी सरकारले घोषणा गर्न लागेको उक्त प्याकेजमा समावेश गरिनु पर्ने तत्कालीन र दिर्घकालीन कार्यक्रमहरु पहिचान गरि मन्त्री समक्ष भेट गरी सुझाव पत्र पेश गरिएको छ ।



## हाइब्रिड बीउले किसानहरु मर्कामा





भक्तपुर जिल्लाको चागुनारायण नगरपालिका ६ मा ६० देखी ६५ घरधुरीको करिव २०० रोपनी धान खेतमा लगाएको डिवाई२८ जातको धानमा दाना कतै लागेको छैन । बाला लागेको तर धानमा भुस मात्र छ र दाना नलागेको अवस्था रहेको छ । राष्ट्रिय कृषक समूह महासंघ नेपालका अध्यक्ष नवराज वस्नेत सहितको विभिन्न संचार माध्यामहरुको टोलीले आज स्थलगत अनुगमन गरि किसानहरु संग प्रत्यक्ष रुपमा नै अवस्था पहिचान गरिएको छ । यसर्थ सरकारका तहगत संरचनाहरु परिचालन, अविलम्ब अनुगमन र क्षतिको यथार्थ विवरणको संकलन गरी पिडित किसानलाई आवश्यक नोक्सानीको उचित क्षतिपूर्ति साथै वर्षेनी हुने यस्ता विउ जन्य समस्या व्यवस्थापनको लागि नीतिगत व्यवस्थ ागर्न सरकारसंग जोडदार माग गर्दै किसानको पेशागत सुरक्षाको प्रत्यभूतिको बातावरण श्रृजना गर्न महासंघ सरकारको ध्यानाकर्षण गराएको थियो ।

## खानाका लागि खेतीपातीः हाम्रो साझा संकल्प

संयुक्त राष्टि संघले 'हाम्रो पहलः उत्पादन र पोषणमा बृद्धि पर्यावरण संरक्षण र जनजीविकामा समृद्धि' भन्ने मुल नाराका साथ 16 October मा विश्व खाद्य दिवस मनाउँदैछ । यसै सन्दर्भमा खाद्यका लागि कृषि अभियानको अगुवाइमा र महासंघ लगाएत विभिन्न २४ संघ संगठनहरुको सहकार्यमा महिनाव्यापी कार्यक्रम आज सम्पन्न भएको छ। उक्त कार्यक्रममा कृषि विभाग समेतको सहभागितामा रहेको थियो । यस कार्यक्रमको मख्य नारा 'खानाका लागि खेतीपातीः हाम्रो साझा संकल्प' भन्ने रहेको थियो ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न






राष्ट्रिय कृषक समूह महासंघ नेपाल, राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासंघ नेपाल तथा फियान नेपालको संयुक्त आयोजनामा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता प्रवर्द्धनका लागि प्रदेश तहको ऐन निर्माण र कार्यन्वयनका लागि पैरवी गरियो ।

## धानबाली र स्थानिय विउविजन संरक्षण तथा विषादी सम्बन्धि कृषि तहको अन्तरक्रिया कार्यक्रम





मिति २०७८ कार्तिक २२ गते राष्ट्रिय कृषक समूह महासंघ नेपाल, भक्तपुर जिल्ला कार्य समितिको आयोजना र चाँगुनारायण नगरपालिका, भक्तपुरको सह आयोजनामा धानबाली र स्थानिय विउविजन संरक्षण तथा विषादी सम्बन्धि कृषि तहको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । चागुनारायण नगरपालिका प्रमुख श्री सोमप्रसाद मिश्र लगाएत अतिथिहरुले दिगो कृषि तथा रैथाने विउविजनहरुको संरक्षणका लागि पहल गर्ने साथै चाँगुनारायण नगरपालिकाका विभिन्न स्थानमा भएको डिवाइ २८ जातको धानबालीमा नोक्सान व्यहोर्नु भएका सम्पुर्ण पिडित किसानहरुको लागि उचित क्षतिपुर्तिका लागि समेत पहल कदमि गर्ने प्रतिवद्धता समेत जाहेर गर्नुभएको छ ।

## स्थानीय सरकारमा भूमि र कृषि क्षेत्र कार्यन्वयनका लागि स्थानीय कानुन तर्जुमा सम्बन्धी एक दिवशीय प्रदेशस्तरीय कार्यशाला

गाउँपालिका राष्ट्रिय महासंघ नेपालको आयोजनामा राष्ट्रिय कृषक समूह महासंघ नेपाल, राष्ट्रिय भूमि अधिकार मंच, लगाएत भूमि र कृषिसंग सम्बन्धीत नागरीक संगठन र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको सहकार्य तथा विभिन्न स्थानीय तहका प्रतिनिधिहरु समेतको सहभागीतामा स्थानीय सरकारमा भूमि र कृषि क्षेत्र कार्यन्वयनका लागि स्थानीय कानुन तर्जुमा सम्बन्धी एक दिवशीय प्रदेशस्तरीय कार्यशाला यहि कार्तिक २८ गते प्रदेश नं. १ को इटहरीमा सम्पन्न भएको छ । कार्यक्रममा; स्थानीय सरकारमा कानुन निर्माण प्रक्रिया अभ्यास र हालको अवस्था, स्थानीय सरकारमा कृषि र भूमि सम्बन्धि अधिकार र कानुनमा समावेश हुनुपर्ने प्रावधानहरु, लगाएतका विषयहरुमा समूहगत छलफल भएको थियो ।



## गम्भीर ध्यानाकर्षण

स्वच्छ पर्यावरण, मानव, पशुपंक्षि एवं समग्र वातावरणलाई नकारात्मक प्रभाव पार्ने अनुवंश परिवर्तित जैव फुड (जिएमओ फुड जेनेटिकल्ली मोडिफाईड अर्गानिज्म) लाई नेपालमा प्रतिबन्ध गरिनुपर्दछ भन्ने सवालमा महासंघ लगायतका नागरिक सङ्गठनहरूले ९ वर्ष अगाडि देखि विरोध गर्दै आएको साथै ८ वर्ष अगाडि नै सम्मानित श्री सर्वोच्च अदालतले नेपाल भित्र्याउन रोक लगाएको हामी सबैलाई विदितै छ । सर्वोच्चको आदेशलाई छलेर जस्केलाबाट भित्र्याउनको लागि सरकारले चालेको कदम प्रति राष्ट्रिय कृषक समूह महासंघ नेपालको गम्भीर ध्यानाकर्षण भएको छ। यस्तो  समग्र प्राकृतिक चक्रलाई नकारात्मक असर गर्ने प्रतिबन्धित बस्तुहरू आयात गर्ने कदम तत्काल रोक्न साथै खाद्य सुरक्षा एवं स्वस्थ खाद्य उपभोगको नागरिकको अधिकारलाई सम्मान गर्दै यसको लागि राज्यले वैकल्पिक व्यवस्था गर्न समेत महासंघ जोडदार माग गर्दछ ।

## असल अभ्यास

### कृषि क्षेत्रमा एक उदाहरणीय काम

कृषि क्षेत्रमा एक उदाहरणीय काम भगवानपुर गाउँपालिकाले गरेको छ । सिरहा जिल्लाको भगवानपुर गाउँपालिकाले पालिकाका स्थानीय दलित, विपन्न किसान परिवारहरुलाइ जग्गा भाडामा लिइ गरिने करार खेतीमा संलग्न गराएको छ। व्यवसायीक खेती तर्फ उन्मुख गराउने उदेश्यले सुरु गरेको यो कार्यक्रम निकै प्रभावकारी बनेको छ । दैनिक गुजारा गर्न पनि धौ धौ पर्ने उक्त दलित समुदायको  अहिले जिविकोपार्जनमा सुधार आएको छ। राष्ट्रिय कृषक समूह महासंघ नेपालको लामो समय देखी जग्गा भाडामा लिई गरिने करार खेतीका लागि भगवानपर गाउँपालिकाका किसानहरुलाइ करार खेती संचालनका लागि प्राविधिक सहजीकरण गरिरहेको

## बैठक

### नेपाल राष्ट्र बैंकसंग बैठक

नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकहरुमा कृषिको लागि दिईएको सहुलियत ऋण, अनुदान वास्तविक कृषकहरुले नपाएको गुनासोको सुनुवाईको लागि राष्ट्रिय कृषक समूह महासंघले नेपाल राष्ट्र बैंकका पदाधिकारीहरुसंग बैठक बसेको थियो

### एआईएनसंग बैठक सम्पन्न

पर्यावरणीय कृषि र कृषि सम्बन्धी ऐन, नीति निमार्णको लागि र त्यसको सञ्चालनको लागि एआईएनसंग छलफल बैंठक सम्पन्न भयो ।

### राष्ट्रिय कृषक समूह महासंघको सचिवालय बैठक सम्पन्न

मिति २०७८ कार्त्तिक १५ गते, राष्ट्रिय कृषक समूह महासंघको सचिवालय बैठक, रा.कृ.स.मका अध्यक्ष श्री नवराज वस्नेतज्यूको अध्यक्षतामा सम्पन्न भयो । त्यस बैठकमा  सबै पदाधिकारीहरुको उपस्थिती रहेका थिए ।

## क्रियाकलापहरु

### क्षेत्र अवलोकन तथा गोष्ठि सम्पन्न

सामर्थय परियोजना अन्तर्गत राष्ट्रिय कृषक समूह महासंघले विभिन्न पत्रपत्रिका तथा अनलाईन खबरपत्रिकाका पत्रकारहरुको संलग्नमा कार्यक्रम क्षेत्रहरुको अवलोकन गरी यात्राको गोष्ठि गरियो ।

### अभियान्ताहरुलाई तालिम

कोभिड १९ आपतकालीन प्रतिकृया र पुर्नलाभ कार्यक्रम अन्तरगत अभियान्ताहरुलाई कृषि एप, कृषि परामर्श र कार्यक्रम सम्बन्धी तालिम दिईयो ।

## विविधिकृत पोषण घर बगैंचा नमुना अभ्यासको लागि कृषि सामाग्री इनपुट भौचर वितरण

करेसाबारीमा उत्पादित विविधिकृत उत्पादन सेवन गरौं स्वस्थ रहौं भन्ने सन्देसका साथ केएर नेपाल र महासंघको साझेदारीमा संचालीत कोभिड १९ आपतकालीन प्रतिकार्य र पुनर्लाभ परियोजना अन्तर्गत बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका वडा नं. ६ मा भदोही महिला कृषक समूह र सगरमाथा महिला कृषक समूह लाई विविधिकृत पोषण घर बगैंचा नमुना अभ्यासको लागि कृषि सामाग्री इनपुट भौचर वितरणको सुरुवात भएको छ। यस संगै महासंघले उक्त कार्यक्रम अन्तर्गत बर्दिया र बाँके जिल्लका जम्मा ४०० किसानलाइ कृषि सामाग्री इनपुट वितरण गर्ने योजना लिएको छ।





## समूह परिचालन, पर्यावरणीय कृषि अभ्यास तथा जिविकोपार्जन योजना सम्बन्धी तालिम सम्पन्न

कार्त्तिक २५, र २६ २८ र २९ गते वीरेन्द्रनगर नगरपालिका र लेकवेशी नगरपालिकामा राष्ट्रिय कृषक समूह महासंघ नेपाल कर्णाली प्रदेश अध्यक्ष श्री सन्त ब के सी को अध्यक्षतामा र वीरेन्द्रनगर नगरपालिकाका वार्ड न १० का अध्यक्ष श्री रत्न बहादुर बुढा को प्रमुख आतिथ्यमा र लेकवेशी नगर प्रमुख श्री गगन सुनारज्यूको प्रमुख आतिथ्यमा साथै केन्द्रिय उपाध्यक्ष ससिराम आचार्य र VSO प्रतिनिधि जनक पन्त ज्युको सहजिकरणमा दुई दिने समूह परिचालन, पर्यावरणीय कृषि तथा जिविकोपार्जन योजना सम्बन्धी तालिम सम्पन्न भयो।






## भगवानपुर गांउपालिकामा किसान परिचय पत्र

सामर्थय परियोजना अन्तर्गत राष्ट्रिय कृषक समूह महासंघले भगवानपुर गांउपालिकामा किसान परिचय पत्र सम्बन्धी कार्यहरु अगाडी बढेको छ।

# प्रकाशन तथा प्रचार प्रसार

## फ्लायर प्रकाशन





कृषि प्रविधि तथा मौसमी विवरण सम्प्रेषण प्रणाली विषयक राष्ट्रिय कृषक समूह महासंघ, नेपाल, ली बर्ड, बेलका नगरपालिका र केयर नेपालको संयुक्त पहलमा फ्लायर प्रकाशन गरिएको छ। त्यसतै गरी अन्तराष्ट्रिय खाद्य प्रणाली सम्मेलन विशेष प्रकाशन रा.कृ.स.म, सिएसओ र यूके एड द्वारा संयुक्त रुपमा फ्लायर प्रकाशन गरियो।





## नेपालको सातै प्रदेशहरुका एफ.एममा राष्ट्रिय कृषक समूह महासंघ

मिडिया स्कूलमार्फत खाद्य प्रणाली शिखर सम्मेलनमा गरेका संवादहरुका बारे र राष्ट्रिय कृषक समूह महासंघ, नेपालले गरेका पैरवी र कार्यहरुको संगालो समेटिएको प्रस्तुती प्रत्येक १५-१५ दिनमा सातै प्रदेशहरुको एफ.एम मार्फत सुन्न सकिन्छ।